*यो आयोजनालाई वित्तिय सहयोग प्राप्त छ::*

香港中文大學雅禮中國語文研習所
# येल-चीन चिनियाँ भाषा केन्द्र
# द चाईनिज युनिभर्सिटी हङकङ

## गैर-चिनियाँ भाषीहरुको लागि चिनियाँ (क्यान्टोनिज) भाषामा आधारभुत प्रमाणपत्र कार्यक्रम

**(प्राथमिक I & II / मध्ययम I & II )**

*योग्यता पञ्जीका दर्ता नम्बर: 19/001311/L2 QF स्तर = 2*

भाषा कोषद्वारा वित्तिय सहयोग प्राप्त र स्कोलर (SCOLAR) बाट समर्थन प्राप्त परियोजना

प्राथमिक-स्तरका सिकारुहरुको लागि चिनियाँ भाषा सिक्न

८०-घण्टा कार्यक्रम, पाठ्यक्रम शुल्क हङकङ डलर २००० मा हङकङ डलर १७०० फिर्ता गरिने

हप्ताको दिनहरुमा साँझ र शनिबार कक्षा लिन सकिने विकल्पहरु

कक्षा कोठाहरू सुविधाजनक ठाउँमा अवस्थित छन् (मुख्य बजार वा विश्वविद्यालय एमटिआर स्टेशन नजिकै)

## हाम्रो बारेमा

**येल-चीन चिनियाँ भाषा केन्द्र, द चाईनिज युनिभर्सिटी हङकङ**

चिनियाँ भाषालाई दोस्रो भाषाको रुपमा अध्यापन गराएको ६० वर्षहरुको अनुभव सहित, सिएलसी (CLC)ले दोस्रो/ विदेशी भाषा शिक्षार्थीहरूलाई क्यान्टोनिज र पुतुङ्ग्वा (म्याण्डारिन चिनियाँ) भाषाको प्रशिक्षण दिन्छ।

## आवेदकको योग्यता

आवेदकहरू गैर-चिनियाँ भाषी हङकङका बासिन्दाहरू हुनुपर्दछ जसले कक्षा ११ बराबर वा त्यो भन्दा उच्च शिक्षा पूरा गरेका छन्, र हाल कुनै पनि पूर्णकालिन कार्यक्रममा भर्ना भएका छैनन्।

# प्रतिपूर्ति (रकम फिर्ता) योग्यता

: विध्यार्थीहरुले आफ्नो पाठ्यक्रम शुल्कको ८५% अनुदान प्राप्त गर्ने छन् यदि उनीहरुले:

- आवेदन प्रक्रिया पूरा गरेका छन् र अध्ययन सुरु हुनु अघि स्कोलर (SCOLAR) कार्यक्रमको स्वीकृति पुष्टिकरण प्राप्त गरेका छन्;
- निर्दिष्ट CP2101 र CP2102 मोड्युलहरू, वा CP2103 र CP2104 मोड्युलहरू पूरा गरेका छन्;
- प्रत्येक अध्ययन मोड्युलमा "उत्तिर्ण" ग्रेड वा कम्तिमा ८०% हाजिरी भएका छन्।

## कसरी निवेदन दिने?

निवेदकहरुले सावधानीपूर्वक आवेदन टिप्पणीहरु पढेर दस्तखत गर्नुपर्छ। स्कोलर-वित्तिय सहयोग प्राप्त आधारभुत प्रमाणपत्र कार्यक्रमको लागि विशेष रुपमा अनलाईन आवेदन फारम भर्नुहोस्।

हङकङ भिषा/ स्थायी हङकङ आईडी जानकारी र शिक्षा प्रमाण, सहित कागजातहरू पूरा पेस गरेपछि मात्र कार्यक्रम आवेदन प्रक्रिया गरिनेछ।

२०२३-२५ भर्ना समुहको लागि, कार्यक्रम शुल्क हङकङ डलर २००० हो। कार्यक्रमको सन्तोषजनक समापनमा, विद्यार्थीहरू हङकङ डलर १७०० को अनुदान प्रतिपूर्ति ((रकम फिर्ता)को लागि योग्य हुनेछन्। विद्यार्थीहरूले भुक्तान गर्ने जम्मा रकम हङकङ डलर ३०० हुनेछ।

# अध्ययन कार्यक्रम

## गैर-चिनियाँ भाषीहरुको लागि चिनियाँ (क्यान्टोनिज) भाषामा आधारभुत प्रमाणपत्र कार्यक्रम

**對外漢語(粵語)基礎證書課程**

*योग्यता पञ्जीका दर्ता नम्बर: 19/001311/L2 QF स्तर = 2*

**कार्यक्रम विवरण**

**यो कार्यक्रम गैर-चिनियाँ भाषीहरुको लागि सुरुवाती क्यान्टोनिज सिक्नेहरुको लागि हो। यसले उपयोगी शब्दावली वस्तुहरू, दैनिक अभिव्यक्तिहरू र विभिन्न प्रकारका ढाँचाहरूमा आधारित प्रवीणता-उन्मुख गतिविधिहरूको साथ, मौखिक सीपहरू र सुन्ने बुझ्नेमा केन्द्रित छ। पूरक परम्परागत चिनियाँ क्यारेक्टरहरू र अंग्रेजीमा पाठहरूको साथ, रोमनीकरण गरिएको क्यान्टोनिज ध्वनि र टोनहरू सिकाइनेछ। विद्यार्थीहरूले अर्थपूर्ण प्रगति गर्नको लागि सामान्यतया हप्ताको कम्तिमा ४ घण्टा दोहोर्याएर पाठ गर्ने अपेक्षा गरिन्छ।**

**अपेक्षित कार्यक्रम सिकाई नतिजा:**

***प्राथमिक** I & II (CP2101 & CP2102)*

**सरल प्रश्नहरू सोध्न र जवाफ दिन सक्षम, न्यूनतम अर्थ व्यक्त गर्न र तत्काल आवश्यकताहरूको धेरै सीमित संख्यालाई पूरा गर्न सक्ने।**

**अपेक्षित बोल्ने र सुन्ने सिकाई परिणामहरु:**

- **दैनिक वार्तालापहरूमा वाक्य स्तरमा चयन गरिएका शब्दावली वस्तुहरू र व्याकरण बिन्दुहरू समावेश गरिएका उच्चारणहरू बुझ्न र जवाफ दिन सक्ने क्षमता हुनु।**
- **उपयुक्त प्रयोगको साथ दैनिक कुराकानीमा वाक्य स्तरमा चयन गरिएको शब्दावली वस्तुहरू र व्याकरणीय ढाँचाहरू लागू गर्ने क्षमता।**

***मध्यम*** *I & II (CP2103 & CP2104)*

**अनुमानित विषयहरूमा सरल कुराकानीमा भाग लिन सक्षम, प्रश्नहरु सोधेर र जवाफ दिएर जानकारी प्राप्त गर्न, व्यक्तिगत अर्थहरू सञ्चार गर्न सिकेका सामग्रीहरू संयोजन गर्न, र आधारभूत व्यक्तिगत आवश्यकताहरू र सामाजिक मागहरू पूरा गर्न सक्षम।**

**अपेक्षित बोल्ने र सुन्ने सिकाई परिणामहरु**:

- **दैनिक वार्तालापहरूमा वाक्य स्तरमा चयन गरिएका शब्दावली वस्तुहरू र व्याकरण बिन्दुहरू समावेश गरिएका उच्चारणहरू बुझ्न र जवाफ दिन सक्ने क्षमता हुनु।**
- **उपयुक्त प्रयोगको साथ दैनिक कुराकानीमा वाक्य स्तरमा चयन गरिएको शब्दावली वस्तुहरू र व्याकरणीय ढाँचाहरू लागू गर्ने क्षमता।**

**योजना A**

| | | |
|---|---|---|
| **मोड्युल 1 (CP2101) प्राथमिक क्यान्टोनिज I** | क्यान्टोनिज ध्वनिहरु र टोनहरुको परिचय। विषयहरू: अभिवादनहरु, स्कूलमा, समय र मिति, किनमेल गर्ने एक दिन। | 40 |
| **मोड्युल 2 (CP2102) प्राथमिक क्यान्टोनिज II** | वाक्य संरचना, क्यान्टोनिज ध्वनिहरु र टोनहरु दोहोर्याउनु। विषयहरू: शोखहरूको बारेमा कुरा गर्नु, स्थानहरू बताउनु, मेरो परिवारलाई भेट्नु, हङकङ वरपर भ्रमण गर्नु, अफिसमा। | 40 |
| | Total contact hours | 80 |

**योजना B**

| | | |
|---|---|---|
| **मोड्युल 1 (CP2103) मध्यम क्यान्टोनिज I** | वाक्य संरचना, क्यान्टोनिज ध्वनिहरु र टोनहरु दोहोर्याउनु। विषयहरू: बाहिर खाना खानु, मानिसहरूको वर्णन गर्नु, रमाइलो गर्नु, वरपर किनमेल गर्नु, एक डाक्टर भेट्न जाँदै। | 40 |
| **मोड्युल 2 (CP2103) मध्यम क्यान्टोनिज II** | वाक्य संरचना, क्यान्टोनिज ध्वनिहरु र टोनहरु दोहोर्याउनु। विषयहरू: मिडियाको बारेमा कुरा गर्ने, काम गर्ने जीवन, विदेश जाने, नयाँ घरमा सर्ने, जब म युवा थिएँ। | 40 |
| | कुल सम्पर्क घण्टा | 80 |

## स्कोलर प्रतिपूर्ति आवश्यकता

- आवेदन प्रक्रिया पूरा गरिएको र अध्ययन सुरु हुनु अघि स्कोलर कार्यक्रमको स्वीकृति पुष्टिकरण प्राप्त गरिएको;
- तोकिएको CP2101 र CP2102 मोड्युलहरू, वा CP2103 र CP2104 मोड्युलहरू पूरा गरिएको। कुनै अन्य मोड्युलहरू स्वीकार गरिँदैन। एक मात्र मोड्युल पूरा गरेका वा CP2102 वा CP2104 बाट कार्यक्रम सुरु गरेका विद्यार्थीहरू शिक्षण शुल्क प्रतिपूर्तिको लागि योग्य हुँदैनन्।
- प्रत्येक अध्ययन मोड्युलमा "उत्तिर्ण" ग्रेड वा कम्तिमा ८०% हाजिरी भएका छन्।

- विद्यार्थीहरूले तोकिएको तालिका अनुसार दोस्रो मोड्युल लिनुपर्छ र सेप्टेम्बर २०२५ सम्ममा पूरा गर्नुपर्छ। पाठ्यक्रम परिवर्तनका लागि आवेदनहरू अन्य पाठ्यक्रमहरू भरिएको नभएमा मात्र विचार गरिनेछ।

### प्रमाण-पत्र पुरस्कार पाउने आवश्यकता

- प्रत्येक मोड्युल/कोर्समा सन्तोषजनक मूल्याङ्कन र
- प्रत्येक मोड्युल/कोर्समा ७०% को न्यूनतम उपस्थिति दर।

## हामीलाई सम्पर्क गर्नुहोस्

CES, Yale-China Chinese Language Centre, The Chinese University of Hong Kong

G/F, Fong Shu Chuen Building, CUHK, Shatin, NT

(852)3943-6727 clc@cuhk.edu.hk